annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ९० पृष्ठ ८ | काठमाडौं, सोमबार १२ साउन २०८२ | श्रावण शुक्लपक्ष ... काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# मलकै खडेरी




देश कृषिप्रधान, तर किसानलाई जहिल्यै मलको दुःख । समयमा भनेजति मल नपाउनु नेपाली किसानको नियति नै भइसकेको छ । मलकै कारण रोपाइँ गर्न नपाएर बर्सेनि किसानले हैरानी बेहोरिरहेका छन् । यसपटक त किसानलाई अर्को पनि समस्या छ- खडेरीको । एकातिर मल अभाव, अर्कोतिर खडेरीको मार । किसानका दुःख, कहिले सुन्ने सरकार ?

**ममता थापा** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

*ग्राफिक्स : रामकृष्ण राना*

# सर्वोच्चद्वारा सरकारका नाममा ११ बुँदे परमादेश

## ‘गाईको संरक्षणका लागि विधेयक तयार गरी संसद्मा पेस गर्नू’

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले राष्ट्रिय जनावर गाईको उचित संरक्षण, संवर्धन र प्रवर्धनका लागि छुट्टै विधेयक तयार गरी संसद्मा पेस गर्न सरकारका नाममा ११बुँदे परमादेश जारी गरेको छ।



कुमार रेग्मी



सुनीलकुमार पोखरेल

न्यायाधीशद्वय कुमार रेग्मी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले गाई संरक्षण तथा प्रवर्धन ऐनको विधेयक तयार गरी संघीय संसद्मा पेस गर्न परमादेश जारी गरेको हो। ‘राष्ट्रिय जनावर गाईको उचित संरक्षण, संवर्धन र प्रवर्धन गर्नका लागि छुट्टै राष्ट्रिय जनावर गाई संरक्षण तथा प्रवर्धन ऐनको विधेयक तयार गरी संघीय संसद्मा पेस गर्नू’, सरकारका नाममा जारी परमादेशमा भनिएको छ, ‘देशभरका गौशालाहरूको नाममा रहेको अचल सम्पत्तिको लगत अद्यावधिक गरी सोको उचित संरक्षण गरी गौशालाका नाममा रहेका अचल सम्पत्ति गाई पालन र संरक्षण कार्यमा मात्र उपयोग हुने व्यवस्था मिलाउनू। स्थानीयस्तरमा गौशाला सञ्चालनका लागि आवश्यक पर्ने जमिन स्थानीय तहको सिफारिसमा संघीय सरकारले उपलब्ध गराउने प्रबन्ध गर्नू।’

नेपालको संविधानको धारा ९ (३) मा नेपालको राष्ट्रिय जनावर गाई हुने संवैधानिक व्यवस्था छ। गाईलाई छाडा र बेवारिसे बनाएर छोड्न नपाइने, उचित संरक्षण र संवर्धनका लागि आवश्यक कानुन निर्माणका लागि परमादेशको माग गर्दै रिट निवेदन दायर गरिएको थियो। केदारशरण विकल, हुमनाथ शर्मा पौडेल र रामहिर ज्ञवालीलगायतले दायर गरेको रिट निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्चले २०८१ कात्तिक २६ गते फैसला गरेको थियो। उक्त फैसलाको पूर्ण पाठ हालै सार्वजनिक भएको हो।

छाडा तथा बेवारिसे गाईबाच्छा नियन्त्रणका लागि प्रत्येक स्थानीय तहले कम्तीमा एउटा गौशाला निर्माण गरी आफैं सञ्चालन गर्नू वा सम्बन्धित कृषक समूह वा गैरसरकारी संस्था वा स्थानीय मठ, मन्दिरमार्फत सञ्चालन गरी बेवारिसे गाईबाच्छा उक्त गौशालामा राखी गाई पालन गर्न चाहने कृषक/कृषक समूह/पशुपालक समूहलाई निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउनसमेत निर्देशनात्मक आदेश जारी भएको छ।

» बाँकी पृष्ठ ६


# साउदीमा २२ हजार आप्रवासी पक्राउ

**विष्णु घिमिरे** | *साउदी*

साउदी सरकारले श्रम र सीमा सुरक्षा कानुन उल्लंघन गरेको भन्दै एक हप्तामा २२ हजार ४ सय जना आप्रवासीलाई पक्राउ गरेको छ। सरकारको संयुक्त क्षेत्रीय अभियानको क्रममा साउदी अधिकारीहरूले राज्यभरि बसोबास गरी श्रम र सीमा सुरक्षा कानुन उल्लंघन गरेको आरोपमा उनीहरूलाई पक्राउ गरेको हो। सरकारले आवास नियमहरू उल्लंघन गरेको आरोपमा १३ हजार ८ सय, सीमा सुरक्षा नियमहरू उल्लंघन गरेको आरोपमा ५ हजार २ सय र श्रम कानुन उल्लंघन गरेको आरोपमा ३ हजार ४ सय जनालाई हिरासतमा लिएको छ। सरकारको आन्तरिक मन्त्रालयको विज्ञप्तिअनुसार १ हजार ६ सय ८७ जना गैरकानुनीरूपमा साउदी अरबमा प्रवेश गर्ने प्रयास गर्दा पक्राउ परेका हुन्। जसमध्ये ३ सय ८५ यमनी, ६ सय १५ इथियोपियाली र १५ अन्य देशका रहेका छन्।

साथै ४० जनालाई अवैध रूपमा विभिन्न राज्यबाट बाहिर निस्कने प्रयास गरेको आरोपमा पक्राउ गरिएको जनाइएको छ। १५ जनालाई अवैध काममा संलग्न भएको आरोपमा हिरासतमा राखिएको हो।

» बाँकी पृष्ठ ६




# पद जोगाउन मन्त्री बाँड्दै लामा, हस्ताक्षरमा अडिग राख्न बानियाँको कसरत

## बागमतीका कांग्रेस सांसद तानातान

**कृष्ण सारु मगर** | *हेटौंडा*

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामा पद जोगाउन पार्टीका प्रदेश सदस्यलाई ‘मन्त्रीको अफर’ गरिरहेका छन्। कांग्रेस बागमती प्रदेश संसदीय दलको नेताबाट हटाउन अविश्वास प्रस्ताव दर्ता भएपछि लामा पद जोगाउन सबैखाले प्रयासमा जुटेका हुन्।

आफूविरुद्ध अविश्वास प्रस्ताव दर्ता गराउने सांसदहरूलाई मन्त्री बनाउन उनी प्रयासरत छन्। मुख्यमन्त्री लामालाई दलको नेताबाट हटाउने अभियानको नेतृत्व गरिरहेका कांग्रेस बागमती प्रदेशका सभापति तथा प्रदेशसभा सांसद इन्द्र बानियाँ अविश्वास प्रस्तावमा हस्ताक्षर गर्ने सांसदहरूलाई आफ्ना पक्षमा ‘जोगाउन’ लागिपरेका छन्।

उनले अविश्वास प्रस्तावमा हस्ताक्षर गरेका केही सांसदलाई दुई दिनसम्म हेटौंडाको एक होटलमा राखेर हस्ताक्षरमा अडिन थप परिपक्क बनाएका थिए। अविश्वास प्रस्तावमा हस्ताक्षर





**मुख्यमन्त्री बहादुरसिं लामा (बायाँ) र नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्र बानियाँ ।**

गर्ने केही सांसदलाई आफ्नो पक्षमा ल्याइसकेको मुख्यमन्त्री लामाको दाबी छ। ‘केही दिनमै मन्त्रीहरू नियुक्त हुन्छन्, म त्यही प्रयासमा छु’, उनले भने, ‘मेरै नेतृत्वमा सरकार अघि बढ्छ, नेताहरूसँग पनि यही ढंगले छलफल भएको छ।’ गत शुक्रबार कांग्रेसका २१ सांसदले दल नेता लामाविरुद्ध अविश्वास प्रस्ताव दर्ता गरेका थिए। तीमध्ये चारजना मन्त्रीले पदबाट राजीनामा दिए। रिक्त पदमा आफूविरुद्ध हस्ताक्षर गर्नेमध्येकै सांसदलाई नियुक्त गरेर आफ्नो पक्षमा बहुमत कायम राख्न मुख्यमन्त्री लामा प्रयासरत छन्।

संसदीय दलका नेताविरुद्ध अविश्वास प्रस्ताव दर्ता भएपछि १५ दिनभित्र दल नेताले यसबारे छलफल गर्नुपर्ने र सहमति नभए निर्वाचनमा जानुपर्ने कांग्रेस संसदीय दलको विधानमा छ। त्यसका लागि कांग्रेसले प्रतिनिधिसभा सदस्य राजेन्द्र केसीलाई बागमती प्रदेशको संसदीय दलमा देखिएको विवाद मिलाउने जिम्मेवारी दिएको छ। विवाद मिलाउने जिम्मेवारी पाएका श्रेष्ठले सोमबार दिउँसो १ बजेका लागि दुवै पक्षबीच छलफल राखिएको बताए। ‘छलफलमा सहमति नभए प्रक्रियामा जान्छ, त्यो भनेको निर्वाचन हो’, उनले भने।

कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले सहमतिको प्रयास भइरहेको बताए। ‘सबै सम्भावनाको ढोका खुला छ, तर हाम्रो जोड सहमति होस् भन्नेमा छ’, उनले भने। संसदीय दलको विधानअनुसार पहिलो चरणमा अविश्वास प्रस्तावमा भएको हस्ताक्षर सनाखतको काम हुने चित्रकारले बताए। ‘हस्ताक्षर आफैंले गरेको हो/होइन ? २५ प्रतिशत बढीले हस्ताक्षर गरेको पुष्टि भएमा संसदीय दलको बैठकमा छलफल हुन्छ, त्यहाँ सांसदहरूले आफ्नो हस्ताक्षर फिर्ता पनि लिन सक्छन्’, उनले भने। छलफलपछि सहमति नभए अविश्वास प्रस्तावमा मतदान हुन्छ। मतदानमा कम्तीमा १९ जना प्रदेशसभा सदस्यले अविश्वास प्रस्तावको पक्षमा मतदान गरेमा दल नेताबाट लामा पदमुक्त हुनेछन्।

» बाँकी पृष्ठ ६